बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय

# धादिङ अस्पताल

धादिङ, नेपाल

पत्र संख्या :२०८१/०८२

## करार सेवामा लिने सम्बन्धी सूचना

सूचना प्रकाशित मिति : २०८१/०४/३१

स्वास्थ्य मन्त्रालयको स्वीकृत स्थायी दरबन्दीमा लोक सेवा आयोगबाट पदपूर्तिको लागि सिफारिस भई आएमा वा स्थायी कर्मचारी खटिई /सरुवा भई आएमा वा अन्य व्यवस्था भएमा स्वतः नरहने गरी (अस्पताल व्यवस्थापन अधिकृत पदमा सालबसाली स्वीकृत अस्थायी दरबन्दीमा) देहाय बमोजिमको पदमा चिकित्सक तथा स्वास्थ्यकर्मीहरु करार सेवामा राख्नु पर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालय समय भित्र उपस्थित भई राजश्व रसिद सहित चिकित्सक तथा स्वास्थ्यकर्मी करार सेवा व्यवस्थापन सम्बन्धी कार्यविधी,२०७८ को अनुसूची-२ (दफा ७ उपदफा (१) सँग सम्बन्धित ) दरखास्त फाराम भरि अस्पताल प्रशासनमा आवेदन दिनु हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ।

| सि.नं. | विज्ञापन नं. | पद | तह | सेवा | समुह | संख्या | शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|---|
| १ | २३/२०८१-८२ | कन्सल्टेण्ट पिडियाट्रिसियन | ९ | स्वास्थ्य | पेडियाट्रिक्स | २ | स्वास्थ्य सेवा नियामावली २०५५ को अनुसूची ६ बमोजिम |
| २ | २४/२०८१-८२ | कन्सल्टेन्ट जनरल फिजिसियन | ९ | स्वास्थ्य | मेडिसिन | १ | |
| ३ | २५/२०८१-८२ | क.अब्स्टेट्रिसीयन/गाइनेकोलोजिष्ट | ९ | स्वास्थ्य | अब्स/गाइने | २ | |
| ४ | ५/२०८१-८२ | कन्सल्टेण्ट रेडियोलोजिष्ट | ९ | स्वास्थ्य | रेडियोलोजी | २ | |
| ५ | २६/२०८१-८२ | क एनेस्थोसियोलोजिष्ट | ९ | स्वास्थ्य | एनस्थेसियोलोजी | २ | |
| ६ | २७/२०८१-८२ | अस्पताल व्यवस्थापन अधिकृत | ७ | स्वास्थ्य | विविध | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट अस्पताल व्यवस्थापन विषयमा स्नातक तह उतीर्ण |
| ७ | २८/२०८१-८२ | बायोमेडिकल टेक्निसियन | ५ | स्वास्थ्य | विविध | १ | स्वास्थ्य सेवा नियामावली २०५५ को अनुसूची ६ बमोजिम |
| ८ | २९/२०८१-८२ | अ.न.मी/ प.हे.न. | ५ | स्वास्थ्य | प.हे.न | २ | नर्सिङमा प्रमाणपत्र तह उतीर्ण |
| | | कुल | | | | १३ | |

१. योग्यता र अनुभव :

क) नेपाली नागरिक,

ख) सहायक तहको लागि १८ वर्ष र अधिकृत तहको लागि २१ वर्ष उमेर पुरा भएको ,

ग) सम्बन्धित काउन्सिलमा दर्ता भएको (स्थायी वा अस्थायी प्रमाणपत्र ) ,

डा. मगंल अधिकारी
मि. अस्पताल निर्देशक

फोन नं. ०१०- ५२०१३०, ०१०- ५०६०५
ईमेल : dhodhd.hospital@gmail.com, वेवसाइट : https://dhadinghospital.bagamati.gov.np

घ) स्वास्थ्य क्षेत्रमा अनुभव हासिल गरेको भए सो को प्रमाण पत्र,

ङ) अन्य प्रचलित कानुनद्वारा अयोग्य नभएको ,

च) दरखास्तमा संलग्न गर्नुपर्ने कागताजहरु : व्यक्तिगत विवरण, शैक्षिक योग्यता, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि , अनुभवको प्रमाणपत्रको प्रतिलिपि, प्रचलित नेपाल कानुन बमोजिम काउन्सिलमा दर्ता भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि संलग्न हुनुपर्नेछ ।

छ) **छनोटको प्रक्रिया :लिखित परीक्षा वा अन्तर्वार्ता प्रक्रिया । ( चिकित्सक तथा स्वास्थ्यकर्मी करार सेवा व्यवस्थापन सम्बन्धी कार्यविधी,२०७८ अनुसार )**

ज) **परिक्षा केन्द्र: धादिङ अस्पताल , धादिङ**

२. कार्य विवरण, पारिश्रमिक, सेवाका शर्तहरु सहितको विस्तृत विवरण र दरखास्त फाराम यस कार्यालयबाट उपलब्ध हुनेछ ।

३. **दरखास्त दस्तुर:** नवौ तहको लागि रु. २०००/-, सातौ तहको लागि रु. १२००/-, पाचौं तहको लागि रु. ७००/- प्रदेश राजश्व खातामा धादिङ अस्पतालको कार्यालय कोड नं ३७००१३००१३ राजश्व शिर्षक नं. १४२२४ राष्ट्रिय वाणिज्य बैंकमा रहेको राजश्व खाता नं. १०००२०००१०००० जम्मा गरी सक्कल भौचर पेश गर्नु पर्नेछ ।

४. **सेवा अवधि :** प्रदेश लोकसेवा आयोगबाट स्थायी कर्मचारी सिफारिस भई पदपूर्ति भएमा वा सरुवा भई हाजिरी हुन आएमा करार सम्झौता स्वत अन्त्य हुनेछ । नतिजाको योग्यता क्रमको आधारमा तल्लो क्रमबाट हटाइनेछ ।

५. **आवेदन दिने अन्तिम मिति : २०८१/०५/१३ गते बिहीबार ।**

..............................

डा. गगन अधिकारी

निमित्त अस्पताल निर्देशक

**डा. गगन अधिकारी**

**नि. अस्पताल निर्देशक**

**फोन नं. ०१०– ५२०१३०, ०१०– ५०६०५**

**ईमेल : dhodhd.hospital@gmail.com, वेबसाइट : https://dhadinghospital.bagamati.gov.np**

CamScanner